का.जि.प्र.का.द.नं. १००/०५९/६०
०१ असोज २०७९,
शनिबार
17 September 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २०, अंक २२४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# टिकट माग्नेको भीड



कम खर्च र पार्टीकै मोटबाट सांसद बन्न पाइने भएपछि समानुपातिकतर्फ नाम सारिदिन आग्रह गर्दै शीर्ष नेताहरुको कार्यकक्षमा पुग्ने कार्यकर्ताहरुको भीड नै देखिएको छ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक उम्मेद्वारको टिकट लिनका लागि नेताहरुको घरदैलो पुग्नेहरुको भीड नै लाग्न थालेको छ । दलका केन्द्रीय कार्यालयदेखि नेताको घरदैलोमा पुगेर टिकट माग्नेहरुको भीड लागेको हो ।

नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा लगायत दलमा समानुपातिक उम्मेद्वार बनाउन माग गर्दै आवेदन दिने र शीर्षस्थ नेताहरुकोमा पुग्नेहरुको भीड बढेको हो । त्यति मात्रै होइन, ०७४ सालको निर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित व्यक्ति पुनः समानुपातिकको उम्मेदवार हुन नपाउने निर्णय समेत दलहरुले गरेका छन् ।

'अहिले पार्टी कार्यालय सानेपामा टिकटका लागि आउनेहरुको एकदमै भीड लागेको छ, हामी विभिन्न जिल्ला र क्षेत्रबाट आएको सूचीको प्रारम्भिक अध्ययन गरेर टुगो लगाउँछौं, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भने ।

उनले प्रदेश र प्रतिनिधिसभाको समानुपातिक उम्मेदवारको सूची बनाउन पार्टीले योग्यता समेत तोकेकाले त्यहीँ मापदण्डमा रहेर टिकट वितरण हुने बताएका छन् । 'अहिले हाम्रो पार्टीमा पनि समानुपातिक टिकटका लागि फोन गर्ने, भेट्ने र पार्टी कार्यालय आउनेको घुँईचो छ, हामीलाई व्यवस्थापनमै गाह्रो भएको छ', नेकपा एकीकृत समाजवादी निकट एक केन्द्रीय सदस्यले भने । उनले प्रत्यक्षमा एकातिर टिकट नपाउने अनि अर्कातिर हारिने डरले समानुपातिकमा रुचि बढेको बताएका छन् ।

'प्रत्यक्ष निर्वाचन खर्चिलो हुँदा र टिकट पाएपनि जित्ने सम्भावना नरहँदा समानुपातिकमा आकर्षण बढेको हो, अर्कोतिर मानिसमा दलीय प्रणालीप्रतिको वितृष्णा पनि हो', राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भन । उनले खर्चिलो निर्वाचन प्रणाली परिवर्तन हुनुपर्ने पनि बताएका छन् ।

यद्यपि, पैसा दिएरै भएपनि समानुपातिक टिकट लिने र सांसद बन्नेहरुको भीड पनि चुलिएको छ । अघिल्लो पटक टिकट नपाएका कतिपय भने यो पटक विश्राम लिने वा प्रत्यक्षमा लड्ने भन्ने गृहकार्यमै देखिएका छन् ।

निर्वाचन आयोगले समानुपातिक तर्फका उम्मेदवारको बन्दसूची यही असोज २ र ३ गते बुझाउन सूचना जारी गरेसँगै दलहरू समानुपातिक उम्मेदवार छान्न गृहकार्यमा जुटेको छन् भने समानुपातिकमा टिकट माग्नेहरुको पनि भीडभाड लागेको छ । तर, खर्चिलो चुनावी प्रणाली र अयोग्य उम्मेद्वारले समेत पैसाको आडमा टिकट पाउने प्रवृत्तिको अन्त्य गर्दै योग्य उम्मेद्वारलाई अघि बढाउनुपर्ने धेरैको माग छ ।

चोलेन्द्र सर्वोच्च फर्किने सम्भावना

# अन्योल कायमै

प्रतिनिधिसभाको कार्यकाल सकिएसँगै निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा पुन: प्रधानन्याधीशको हैसियतमा सर्वोच्च फर्किन सक्छन् वा सक्दैनन् भन्ने आम चासो छ । संविधान र कानुन प्रष्ट नभएकाले अन्योल कायमै छ ।





पदीय आचरणअनुसार काम नगरेको कारण महाअभियोग लगाउनुपर्नेमा द्विविधा देखिन्न र यो महाभियोग अर्को संसदले अगाडि बढाउन मिल्छ । किनभने, संविधानमा टुंगो लगाउनुपर्ने प्रष्ट छ ।

**मीन विश्वकर्मा**
सचेतक, नेपाली कांग्रेस



यो संसदले होइन, केही सदस्यले लगाएको अभियोग हो । अर्को संसदमा तिनै मान्छेहरु आउँछन् भन्ने छैन । त्यस्तो परिस्थितिमा स्वत: सर्ने होइन ।

**कृष्णभक्त पोखरेल**
सांसद, नेकपा एमाले

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

प्रतिनिधिसभाको कार्यकाल १ असोज मध्यरातिदेखि सकिँदैछ । प्रतिनिधिसभाको कार्यकाल सकिएसँगै निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा पुन: प्रधानन्याधीशको हैसियतमा सर्वोच्च फर्किन सक्छन् वा सक्दैनन् भन्ने आम चासो छ । संविधान र कानुन प्रष्ट नभएकाले अन्योलता कायमै छ ।

नेपालको संविधानको धारा १०१ मा संवैधानिक आयोगका पदाधिकारीउपर प्रतिनिधिसभामा महाअभियोग लगाउन सक्ने व्यवस्था – बाँकी पृष्ठ २ मा

## आजदेखि संसद् अधिवेशन अन्त्य

सरकारले संसद्को अधिवेशन अन्त्यको सिफारिस गरेको छ । मन्त्रिपरिषद्का निर्णय अनुसार आज राति १२ बजेदेखि संसद्को अधिवेशन अन्त्यको सिफारिस राष्ट्रपतिसमक्ष गरिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन अन्त्यका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य चुनावका लागि निर्वाचन आयोगले समानुपातिकतर्फ उम्मेदवारको सूची बुझाउन असोज २ गते र ३ गतेको समय तोकेको छ । समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची बुझाउने अघिल्लो दिनसम्म चालु संसद्को कार्यकाल रहने व्यवस्था छ ।

# ऐतिहासिक जित

साफ महिला फुटबलमा नेपालले भारतविरुद्ध ऐतिहासिक जित निकालेको छ । पाँचौपटक फाइनल पुग्ने क्रममा नेपालले घरेलु मैदान दशरथ रंगशालामा भारतलाई पहिलोपटक पराजित गरेको हो ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

साफ महिला च्याम्पियनसीपमा नेपालले ऐतिहासिक जित निकालेको छ । घरेलु मैदान दशरथ रंगशालामा ऐतिहासिक जित निकाल्दै नेपाल फाइनल पुगेको हो । श्रीलंका र भुटानविरुद्ध सहज जित निकाल्दै सेमिफाइनलमा पुगेको नेपालले शुक्रबार भारतविरुद्ध खेलेको थियो ।

भुटानलाई ४-० र श्रीलंकालाई ६-० ले हराएकाले नेपाल उत्साहित थियो । तर सँगै संशय पनि उस्तै थियो । किनकि नेपालको उपाधि यात्रामा सधैं भारत भारी पर्ने गरेको थियो । अझ भारत पाँचौं पटक च्याम्पियन बनेको टीम हो । तसर्थ पनि नेपालका निम्ति सेमिफाइनल सहज थिएन ।



सन् २०१६ बाहेक सधैं नेपाल फाइनल पुगेपनि भारतले उपाधि खोस्दै आएको थियो । तर यसपटक भने भारत समूह उपबिजेता बनेकाले नेपालसँग सेमिफाइनलमै भेट भयो । सधैं फाइनलमा भेट हुने भारतसँग नेपाल उच्च मनोबलसहित मैदानमा उत्रिएको थियो ।

नेपाल शुरुबाटै आक्रामक बन्दा पहिलो हाफमै अग्रता लियो । सात हजार दर्शकको साथ पाएको नेपालका लागि प्रिति राईको उत्कृष्ठ पासमा रश्मीकुरमारी घिसिङले गोल गरिन् । उनको गोल नै निर्णायक बन्न पुग्यो । दोस्रो हाफमा अग्रता दोब्बर बनाउने केही अवसर समेत सिर्जना भयो । तर गोल हुन सकेन । अन्ततः समय सकिएको सिठ्ठीसँगै नेपालले ऐतिहासिक जित निकाल्यो । उपाधि भिडन्त भने सोमबार बंगलादेशसँग हुनेछ । बंगलादेशले पनि भारतलाई हराएको र सेमिफाइनलमा भुटानविरुद्ध शानदार जित निकालेको छ ।

वैदेशिक रोजगार विशेष

मन्त्री कुँवर र साउदी राजदूतबीच भेटवार्ता

## श्रम सम्झौता र एक्जिट पर्मिटको समस्याबारे छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवर र नेपालका लागि साउदी अरेबियाका राजदूत साद नासेर अब्दुल्ला अबु हैमदबीच दुई मुलुकबीचको श्रम सम्झौताका विषयमा छलफल भएको छ । मन्त्री कुँवरलाई भेट्न शुक्रबार मन्त्रालय आएका राजदूत हैमदसँग साउदी अरेबियामा काम गर्ने नेपाली श्रमिकको सुरक्षाका विषयमा छलफल भएको छ ।

त्यस अवसरमा मन्त्री कुँवरले साउदी अरेबियामा काम गर्न जाने नेपालीको समस्या र उनीहरुको सुरक्षाका लागि सहकार्य गर्नुपर्नेमा जोड दिएको मन्त्री कुँवरको निजी सचिवालयले जनाएको छ ।



मन्त्री कुँवरले नेपाल र साउदी अरेबियाबीच द्विपक्षीय श्रम सम्झौता हुन नसकेकाले नेपाली कामदार र श्रम आप्रवासनका अन्य क्षेत्रहरु व्यवस्थित हुन नसकेको उल्लेख गरेको पनि निजी सचिवालयले बताएको छ । राजदूत हैमदलाई दुई देशबीचको श्रम सम्झौताको काम अगाडि बढिसकेकाले अब चाँडै श्रम सम्झौता हुने पनि मन्त्री कुँवरले जानकारी गराएका छन् । नेपालबाट साउदी अरेबियामा सीपयुक्त – बाँकी पृष्ठ २ मा

### युरोप जाने घरेलु कामदारलाई तालिम अनिवार्य

काठमाडौं / रासस- सरकारले घरेलु कामदारका रुपमा युरोपेली मुलुकमा जाने नेपाली श्रमिकले अनिवार्यरुपमा तालिम लिनुपर्ने व्यवस्था गरेको छ । हाल घरेलु कामदारका रुपमा साइप्रस, रोमानियालगायत मुलुकमा पठाउँदा केही मेनपावर कम्पनीले अभिमुखीकरण तालिम नदिइ पठाउने गरेको पाइएपछि वैदेशिक रोजगार विभागले त्यस्ता श्रमिकका – बाँकी पृष्ठ २ मा

## टीकाको साइट ११: ५१ मा उत्तम



काठमाडौं / रासस- यस वर्ष विजयादशमीको साइत असोज १९ गते बुधबार बिहान ११:५१ बजे उत्तम रहेको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।

त्यसदिन बिहान १०:३४ बजे देवी विसर्जन गरी ११:५१ बजेको साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ । पूर्वी मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । विजयादशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिए ।


KUWAIT मा महिलाहरुलाई रोजगारको अवसर

कम्पनी: RETAIL GLOBAL FASHION CO .W.L.L. (REDTAG) शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७९/०५/३१ चलानी नं.: ६०१८७७९८ LT. No.: 272190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Associates | 0 | 15 | सम्बन्धित काममा दक्ष | 160 | ६५,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 0 | 15 | | 155 | ६१,७६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ८ देखि १४ गतेसम्म (24 to 30 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ फुडल्याण्ड, काठमाडौंमा २०७९ असोज ८ गते (24 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957, 9805400002, 9803126395
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390
शाखा कार्यालय तिलितोमा-०३, बुटवल, फोन नं. ०७१-४३८३१६, ९८४७०१३१३९

# आज विश्वकर्मा पूजा

**काठमाडौं/मस**–कन्या अर्थात् आश्विन सङ्क्रान्तिका दिन आज कालिगडहरुले विश्वकर्माको पूजा आराधना गरी विश्वकर्मा दिवस मनाउँदैछन् ।

विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्को बालुवाको मूर्ति वा तस्वीरमा विधिपूर्वक पूजा आराधना गरी यो दिवस मनाउने गरिन्छ ।

कलकारखानालाई विशेषरूपमा सजाएर मजदुरलाई समेत सहभागी गराएर यो दिवस मनाइन्छ । बालुवा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल वा अन्य स्थलमा लगी सेलाउने गरिन्छ । आज पूजा गरी आइतबारदेखि नदीमा लगी मूर्ति सेलाइन्छ ।

आजका दिन कालिगडले उपयोगमा ल्याउने विभिन्न औजारका



सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ ।

द्वापर युगमा भगवान् कृष्णलाई राक्षसहरुले दुःख दिएपछि विश्वकर्माले समुद्रको बीचमा 'भेद द्वारका' बनाई लुकाएको धार्मिक विश्वास छ ।

एकै रातमा समुद्रको बीचमा 'भेद द्वारका' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रूपमा मानी त्यसै समयदेखि पूजा आजा गर्ने परम्परा बसेको धर्मशास्त्रविद् प्रा.डा.रामचन्द्र गौतम बताउँछन् ।

प्राचीन भारतवर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रूपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रको बीचमा रहेको विश्वास गरिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रूपमा समेत मानिन्छ । विश्वकर्मा प्रकाश नामक वास्तु शास्त्रको ग्रन्थ उनले नै रचना गरेको विश्वास गरिने वास्तुशास्त्री शिव पोखरेल बताउँछन् ।

यही सम्झनामा नेपालका कालिगडहरुले आज भव्यरूपमा विश्वकर्मा बाबाको पूजा गरी उहाँको विद्वताको सम्मान गर्छन् ।

यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गर्दछन् । यस विश्वासमा आज इञ्जिन जडान भएका यन्त्र सवारी साधनमा समेत पूजा आराधना गरिन्छ ।

वास्तुका शास्त्रका पुस्तकका लेखक एवं अध्येताको सम्झनामा आजको दिनलाई वास्तुविद्हरुले वास्तु दिवसका रूपमा समेत मनाउने गर्छन् । पछिल्लो समय नेपालमा पनि वास्तु विद्याको पुनर्जागरण सुरु भएको छ । चार उपवेदमध्येको एक स्थापत्यवेदमा वास्तु शास्त्रकै विषय उल्लेख गरिएको छ । लुप्तप्रायः भएको स्थापत्य वेदमा आधारित शहर एवं आवास निर्माण गर्नेको संख्या पनि बढ्न थालेको छ ।

# कटहरियामा साइकल दौड प्रतियोगिता सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३१ भदौ

कटहरियामा साइकल दौड प्रतियोगिता सम्पन्न भएको छ । बिहीबार नगरस्तरीय साइकल दौड प्रतियोगिता सम्पन्न भएको हो । राष्ट्रिय बाल दिवसको अवसर पारेर सो प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा कटहरिया नगरभित्रका सम्पूर्ण माध्यमिक विद्यालयका बालिकाहरु सहभागी भएका थिए । कटहरिया नपाको विर्तिदेखि छेदी चोकसम्म झण्डै २ किलोमिटरको दौड प्रतियोगिता गराइएको थियो ।

एक कार्यक्रमकाबीच उपप्रमुख रिता देवी यादवले रिबन काटेर प्रतियोगिताको सुभारम्भ गरेकी थिइन् । आरडिसी नेपालको आयोजनामा भएको प्रतियोगितामा जनता माध्यमिक विद्यालय



कटहरियामा कक्षा ९ मा अध्ययनरत सुनैना कुमारी कुश्वाहा प्रथम भइन् भने मावि बलिरामपुरमा कक्षा ९ मा अध्ययन गर्ने रविता कुमारी साह द्वितीय र जनता मावि कटहरियामा कक्षा १० मा अध्ययनरत छात्रा रनिता यादव तृतीय भइन् ।

प्रतियोगितामा मेयर अजय प्रकाश जयसवालको प्रमुख आतिथ्यता थियो भने उपमेयर रिता देवी यादवको विशिष्ट आतिथ्यता रहेको थियो ।

सो अवसरमा वडा नम्बर १ का वडा अध्यक्ष भुपेन महतो कोइरी, वडा नम्बर ३ का वडा अध्यक्ष श्यामाकान्त यादव, मावि कटहरियाका प्रधानाध्यापक योगेन्द्र कुश्वाहा सहित विभिन्न विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी, राजनैतिक दलका प्रतिनिधि, स्थानीयवासीसहितको सहभागिता रहेको थियो ।

## चोलेन्द्र ...

छ । तर, महाअभियोग दर्ता भएर टुंगो नलागी प्रतिनिधिसभाको कार्यकाल सकिए के हुन्छ ? भनेर प्रष्ट भनिएको छैन् । यही अस्पष्टताको सुविधा प्रयोग गरेर चोलेन्द्र फर्किन सक्ने वा नसक्ने भनी बौद्धिक समाज नै दुई ध्रुवमा विभाजित भएको हो । उसैगरी, महाअभियोग सिफारिस समितिका सदस्यहरू पनि विभाजित छन् ।

नेपाली कांग्रेसका सचेतक मीन विश्वकर्मा महाअभियोगलाई नयाँ संसद्ले निरन्तरता दिनसक्ने बताउँछन् । भन्छन्, 'पदीय आचरणअनुसार काम नगरेको कारण महाअभियोग लगाउनुपर्नेमा कुनै द्विविधा देखिन्न । यसकारण पनि यो महाभियोगउपर अर्को संसदले अगाडि बनाउनुपर्ने हुन्छ, बढाउन मिल्छ । किनभने संविधानमा टुंगो लगाउनुपर्ने प्रष्ट छ ।'

तर, सरकार र सत्तारुढ दलहरूको यस्तो तर्कमा प्रमुख प्रतिपक्षी नेकपा एमाले सहमत छैन् । 'यो संसदले होइन, केही सदस्यले लगाएको अभियोग हो । अर्को संसद्ले तिनै मान्छेहरू आउँछन् भन्ने छैन । त्यस्तो परिस्थितिमा स्वतः सर्ने होइन ।' एमाले सांसद कृष्णभक्त पोखरेलले भने ।

## मन्त्री...

जनशक्ति पठाउनका लागि त्यहाँको सरकारले पनि सहयोग गर्नुपर्ने सुझाव राख्दै मन्त्री कुँवरले साउदी अरेबियामा काम गर्ने नेपाली कामदारलाई त्यहाँको सरकारले रोजगारको अवधि सकिएपछि बहिर्गमन भिसा समयमै नदिँदा समस्या भोग्ने गरेकाले यसमा विशेष सहयोग गरिदिन आग्रह समेत गरेका छन् । भेटमा राजदूत हैमदले नेपाल र साउदी अरेबियाको सम्बन्ध मैत्रीपूर्ण भएकाले नेपाली कामदारले भोग्ने गरेका समस्या समाधानका लागि आफुले सक्दो पहल गर्ने वचन दिएका छन् ।

पछिल्ला दिनमा वैदेशिक रोजगारीका लागि गएका नेपालीले साउदी अरेबियामा करार अनुसारको तलब तथा सेवा सुविधा नपाएको र नेपालस्थित साउदी अरेबियाको दूतावासले अनेक कागजात खोजेर नेपाली कामदारलाई भिसा दिन ढिलाइ गरेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ रहँदै आएको छ । साउदीमा उत्पन्न समस्याबारे आगामी असोज ६ गते रियादस्थित नेपाली दूतावासले हाल साउदी अरेबियामा रहेका वैदेशिक रोजगार व्यवसायीसँग अन्तरक्रिया गर्ने तयारी गरेको छ ।

## युरोप...

लागि तालिम अनिवार्य गरेको हो । वैदेशिक रोजगारमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२ ले घरेलु कामदारका रुपमा वैदेशिक रोजगारीमा जानुपूर्व कम्तीमा ३० कार्यदिनको तालिम लिनुपर्ने व्यवस्था छ । विभागले घरेलु कामदार अभिमुखीकरण तालिमसम्बन्धी कार्यविधि, २०७० अनुसार अनिवार्यरुपमा तालिम प्रदान गरेर मात्र श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउने व्यवस्था गर्न सूचीकृत मेनपावर कम्पनीलाई निर्देशन पनि दिएको छ ।

# अखिल नेपाल शिक्षक संगठनको अध्यक्षमा घर्ती चयन

**कमल खड्का/मध्यान्ह**
रोल्पा, ३१ भदौ

एकीकृत अखिल नेपाल शिक्षक संगठन रुन्टीगढी गाउँपालिका कार्यसमितिको अध्यक्षमा केशर बहादुर घर्ती चयन भएका छन् । शुक्रबार रोल्पाको होलेरीमा सम्पन्न गाउँपालिका स्तरीय प्रथम सम्मेलनले घर्तीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

संगठनको वरिष्ठ उपाध्यक्षमा गोपीराम डाँगी, महिला उपाध्यक्षमा सुशिला बुढाथोकी, सचिवमा बालाराम केसी र कोषाध्यक्षमा बिना महरा भएकी रेखा मगरले जानकारी दिइन् ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन रुन्टीगढी गाउँपालिका कार्यसमितिका अध्यक्ष केशरबहादुर घर्तीको अध्यक्षता तथा संगठनका रोल्पा जिल्ला ईन्चार्ज मधुसुदन पोखेलको प्रमुख आतिथ्यता



एवम् एकीकृत नेकपा माओवादी केन्द्रका रुन्टीगढी गाउँपालिका ईन्चार्ज जगत बहादुर घर्तीको विशिष्ट आतिथ्यतामा सम्मेलनको उद्घाटन गरिएको थियो ।

सम्मेलन उद्घाटन सत्रमा सो संगठनका लुम्बिनी प्रदेश महिला उपाध्यक्ष कल्पना सुवेदी, प्रदेश सदस्य निम बहादुर केसी, हरिबहादुर खत्री, रोल्पा जिल्ला सहसचिव जीतबहादुर वली लगायतको आतिथ्यता रहेको थियो ।

यस्तै सम्मेलनमा नेपाल शिक्षक महासंघ रोल्पाका जिल्ला सदस्य बामदेव अधिकारी र जुपिटर कुवरको पनि सहभागिता रहेको बताइएको छ । सो संगठनका गाउँपालिका कार्य समिति सदस्य कुलप्रसाद झाक्रीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण जिल्ला सदस्य विष्णु कुमारी घर्ती मगरले गरेकी थिइन् ।


## चंखेली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिप्लाङ, हुम्ला ।
कर्णाली प्रदेश नेपाल

### सवारी साधान खरिद गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०१**

यस कार्यालयको आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनीक खरिद ऐन, २०६३ (पहीलो संशोधन २०७३) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनीक खरीद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक विकेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने-क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ ख को उपनियम (२) अनुशार देहाय बमोजिमको सवारी साधन बिक्रि गर्न चाहाने उत्पादक तथा हाधिकारीक विक्रेताले आआप्नो उत्पादनको आधिकारीक स्पेसिफिकेशन गुणस्तर मुल्य र सुविधा सहीतको विवरण (क्याटलग वा ब्रोशर) संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादन वा आधिकारिक बिक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| Type of Vehicle | Requirement (General Specification) | No.of Vehicles |
|---|---|---|
| Double Cab 4WP pickup vehical | Standard double cab pickup, Right Hand drive with 4 wheel drive hard top Sport Utility Vehicle Suitable For highly rough road driving in Nepal.4stroke, water cooled Diesel Engine. Developing rated power output not less than 110 HP and maximum torque should not be less than 280 Nm at governed RPM, fully equipped with accessories power steering, air conditions, central door locking system, power window, air bag safety steel heavy duty structure chassis, minimum 1years warranty after accepetance. | 1(one) |
| Motorcycle (Min 215 cc) | Air cooled four stroke gasoline system engine wih engine displacement minimum 215 cc developing power and torque not less than 20.0 HP and 18 Nm respectively at the governed RPM. | 1 (one) |
| Motercycle | Air cooled four stroke gasoline system engine wih engine displacement of range 150±(10%) cc developing power and torque not less than 14 PS and 13 Nm | 2 (Two) |

**नोटः** यस सम्बन्धी विस्तृत प्राविधिक स्पेसिफिकेसनको लागि यस गाउँपालीकामा सम्पर्क गर्न अनुरोध गरीन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**



## ESCATEC शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी
## Employment in Malaysia under zero Cost

**कम्पनीः स्काटेक ईलेक्ट्रोनिक्स एसडिएन बियचडी (Company: ESCATE ELECTRONICS SDN.BHD)**
**ठेगाना : BAYAN LEPAS PENANG, MALAYSIA**
**फोनः +६० ४ ६४३ २५ ५४, (Phone: +60 4 643 25 54) | फ्याक्सः +६० ४ ६४३ ७० २५, (Fax: +60 4 643 70 25)**
**वेबसाइटः (Website) www.escatec.com | इमेलः (E-mail): infoescatec.com**

| पूर्व स्वीकृत मितिः २०७९/०१/१९ | चलानी नंः ६०१७७७७९ | एल टि नं : २६२५१४ | पुनः विज्ञापन |
|---|---|---|---|
| Pre Approval Date: 2022/05/02 | Invoice No.: 60177779 | LT No.: 262514 | Re-Advertisement |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | ७३ 73 | सो काममा दक्ष Skilled at related work | १३०० 1300 | ३६,४१३ 36,413 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free |

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

- यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईंलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdon't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज (Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-९८०१००४३४५ । grievance@titanicmanpower.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page - Titanic Manpower Supplier | +977-9801004345 | grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता असोज २ गते मात्र हुनेछ । (Pre Interview will be only at 18 September)**
**फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी काठमाडौंमा २०७९ असोज ८ गतेमा हुनेछ ।**
**Final Interview Will Be Held On Titanic Office, Basundhara Chauki, Kathmandu 24 September 2022.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

TITANIC Ethical Recruitment Agency Since 2002 — ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)

बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
Email:info@titanicmanpower.com Website:www.titanicmanpower.com

कथा

# मेरो अतीत उनको वर्तमान

*उनले फोन कार्ड हातमा लिइन् र मतिर हेर्दै आँखाभरि आँसु बनाउँदै भनिन्, "हजुरको नाम र कहानी पनि मेरै दिदी (सौता) को कहानीसँग मिल्दो रहेछ, कि हजुर नै हुनुहुन्छ ?" म सुनेको नसुन्यै गरेर त्यहाँबाट हिँडे ।*



■शारदा पौडेल 'निशा'

छोरीलाई अष्ट्रेलिया उडाउनको लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा आएकी थिएँ । योभन्दा पहिला यो ठाउँमा कहिल्यै टेकेकी थिइन । त्यहाँ आउने र जानेहरुको एकदमै भिड थियो । उपस्थित भएका कोही मानिसहरु आफ्ना आफन्तलाई बिदाई गर्न र कोही स्वागत गर्न हतार देखिन्थे । अरु जे जस्तो भएपनि उपस्थित हुने मानिसहरुको घुइँचो भने हेर्न लायक नै देखिन्थ्यो ।

उपस्थित मानिसहरु मध्ये कोही आफन्त बिदाई गर्ने क्रममा रोएका देखिन्थे भने कोही आफन्तको स्वागत गर्ने क्रममा पनि रोएकै हुन्थे । कसैका हर्षका आँसु थिए भने कसैका विछोड हुँदा हुने पीडाका । म पनि त्यही पीडामा थिएँ । जुन पीडाले मलाई घरिघरि नराम्रोसँग मुटुदुख्ने गरि चिमटिरहेको थियो, छोरीको बिदाई । उसैको बिदाईको कल्पनाले मेरो मन अमिलो भएको थियो ।

आजसम्म काख नछोडेकी छोरी एकाएक अष्ट्रेलिया जान लागेकी छे। विचरी बच्चै छे, के गर्ली कसरी खाली ? कतै नराम्रो संगतमा पो फस्ने हो कि ? साह्रै सोझी छे भन्ने विभिन्न तर्कना मनभरि आइरहन्थे र मलाई भित्रभित्रै खान्थे ।

जे-जस्ता तर्कना आए पनि छोरी पढ्नका लागि बाहिर पठाउन सक्नुमा नै मैले गर्व गरेकी थिएँ । घरबाट निकालिएका हामीले कतिका भनाइहरु सहेर अगाडि बढ्न परेको थियो । कतिको तिरस्कारपूर्ण व्यवहार सहनु परेको थियो । कतिले हामीलाई अपमान गर्दथे । त्यतिबेलाका तिनै तिरस्कारपूर्ण व्यवहार र अपमानले आज मलाई उर्जा दिएका छन्। हौसला दिएका छन् । हिम्मत, साहस र आँट दिएका छन् । तिरस्कार र अपमान गर्ने हरेक व्यक्तिलाई आज सम्मानका साथ सलाम गर्छु ।

तिरस्कारलाई हामीले सकारात्मकरूपमा लिने हो भने यसले हाम्रो जीवनको व्यवहारिक पक्षलाई परिष्कार गर्दछ । यसले हामीमा उत्साह जगाउँछ । प्रेरणा दिन्छ र अगाडि बढ्न घच्घच्याइ रहन्छ । मैले पनि तिनै तिरस्कार र अपमानबाट भाग्य निर्माण गर्ने कसम खाएँ । र, छोराछोरीलाई च्यापेर शहर पसेँ । त्यतिबेला यिनीहरू साना थिए । त्यसैले कुनै कुरामा पनि सहारा दिन सक्दैनथे । न दुखेसो सुनेर नै सुझाब र सल्लाह दिन सक्थे । मैले जति पीडा भएपनि यिनीहरुको सामु सुनाउने चेष्टासम्म गरिन । कमलो बाल मस्तिष्कमा नराम्रो चोट पुग्ला भन्ने सोचेर मैले कहिल्यै यिनीहरुको सामु दुखेसो पोख्न चाहिन । त्यसैले कति रात आकाशका तारा हेरेर रोएकी हुन्थेँ । कति रात आकाशको चन्द्र हेरेर साहस जुटाएकी हुन्थेँ । रुन परे पनि रुन्थेँ एक्लै एक्लै नितान्तः एक्लै । तर, बच्चा अगाडि पहाडको उदाहरण दिएर अडिग र निर्भीक हुनुपर्छ भन्थेँ ।

मैले बच्चाहरुलाई घरायसी मामलाबाट टाढा राख्न चाहेकी थिएँ । र, राख्नु नै मेरो मुख्य उद्देश्य थियो । जुन उद्देश्य आज पूरा गरेँ । घरले सडकमा पछारे पनि केही गर्न सकेँ । र, समाजमा एउटा राम्रो काम गरेर देखाएँ । हिजो मलाई सडकबाट उठ्नु थियो । उठेँ पनि । उठ्नका लागि जुन आँट साहस र हिम्मत गरेँ त्यो आँटले मेरो जिन्दगीको गोरेटो खन्यो । र, त्यही गोरेटोले छोराछोरीको भविष्य सुन्दर बन्न सघायो ।

सम्झन्छु विगतलाई कहाली लागेर आउँछ । नारी र पृथ्वी पर्यायवाची शब्द हुन् । पृथ्वीका छातीमा दुनियाँले टेक्दा कुल्चिँदा थुक्दा बस्दा खन्दा जे-जे गर्दा पनि सहन्छिन् । उनी एकशब्द कसैसँग गुनासो गर्दिनन् । यसै हुनाले नै नारीलाई धर्ती भनेर भनिएको हुनुपर्छ । तर पनि बेलाबेलामा आफूमाथिको अत्याचार सहन नसकेर पृथ्वीले पनि प्रकृति प्रकोपको निम्ता गर्छ । त्यस्तै प्रकोप स्वरूप मैले पनि सदाका लागि आफूलाई निमिटान्न पार्न केही उपायहरु अवलम्बन गरेकी थिएँ । तर, सबै उपायहरु विफल भए । सायद मेरो मानो सकिएको थिएन होला । भगवानका पास मेरा लागि खाली ठाउँ थिएन होला । यिनै छोराछोरीको उज्ज्वल भविष्य बनाउन बाँकी भएर पनि होला । भगवानले आफ्नो पोल्टामा सहर्ष स्वीकार गरेर लिन मान्नुभएन ।

"मामु ! मेरो धेरै पीर मान्नु भएको छ हो ? किन टोलाउनु भएको ? म एक बहादुर आमाकी छोरी हुँ । मनभरि हिम्मत साहस र आँट बोकेर हिँडेकी छु । जस्तै भएपनि आँट गरेर पढ्ने छु । मेरो चिन्ता नलिनुहोस् । हजुरले नै अँध्यारो अनुहार लगाउनु भयो भने मेरो हिम्मत कसरी जुट्ला ? मैले धेरै गर्नु छ । हजुरले जति गर्नुपर्ने हो त्योभन्दा पनि बढी गर्नुभयो । अब हजुरको अभिभारा ममा आएको छ । भाइको भविष्यको चिन्ता मलाई छ । उसको भविष्य मैले निर्माण गर्नुपर्छ । हजुरले अब सुख काट्नुपर्छ मामु । त्यसैले हजुरले मलाई जानेबेलामा हिम्मत दिनुहोस् । हजुरको हँसिलो अनुहार नै मेरो हिम्मत बन्नेछ ।"

छोरीका यी कुराले मेरो छाती फुलेर आयो । हर्षले नयन भरिएर आए । संसार भरि कै भाग्यमानी आमा बनाउन सफल छ मेरी छोरी भन्दै अंकमाल गरेर रुन मन लाग्यो ।

नजिकबाट एक महिलाले हामीलाई हेरिरहेकी थिइन । सायद उनी पनि आफ्ना कोही आफन्तलाई उडाउन आएकी थिइन् होला । घरिघरि उनको ध्यान हामीतिरै हुन्थ्यो । हाम्रो कुरामा उनीले घरि मुसुक्क हाँसेर त घरि निदाउरो अनुहार बनाएर साथ दिइरहेकी थिइन् ।

छोरीका कुराले गर्व गर्दै फुलेको मेरो छाती रसाउन छाडेको थिएन । नयनबाट भएको वर्षा रोक्न म जति प्रयास गर्थें त्यति नै असफल हुन्थें । नयन पहरा रसाएर मुल फुटे झैं रसाएका थिए । मनलाई थमाउनका लागि नजरहरु यताउता दौडाउँथेँ । कहिले काठमाडौंबाट नजिकै देखिने सेता हिम चाँदरतिर त कहिले तिनै महिलाको मुहारतिर । जब मैले उनीतिर हेर्थें संयोग उनीले पनि मलाई नै हेरेको मौका परेको हुन्थ्यो । जब एक आपसमा नजर जुधेको हुन्थ्यो । तब परिचित कोही आफन्त कै अनुभुति हुन्थ्यो ।

केही समयपछि उनीसँगै उभिएको लक्का जवानले उनीतिर लक्षित गर्दै भन्यो, "दिदी मेरो भित्रछिर्ने बेला भयो । हजुरलाई यहाँबाट भित्र जान दिँदैन । हजुर राम्रोसँग बस्नुहोला । आफ्नो र भान्जा भान्जीको ख्याल गर्नुहोला । भिनाजु जे जस्ता भएपनि म मरेको छैन । अवश्य एकदिन केही गर्नेछु र भान्जाभान्जीलाई सही बाटो देखाउने छु ।"

उक्त भनाइले त्यो युवक उनैको भाइ रहेछ भन्ने कुरा ठम्याउन गाह्रो भएन । भाइको दिदी र भान्जा भान्जीप्रतिको अगाध माया देखेर पुनः मेरो पहरा रूपी छाती रसाउन थाल्यो । एउटा भाइले आफ्नी दिदीप्रति निभाएको जिम्मेवारी र भान्जाभान्जी प्रति देखाएको कर्तव्यबोधले साँच्चै मुटु रसायो । सायद यस दुनियाँमा सबैका यस्तै दाजुभाइ हुन्थे भने कुनै दिदी बहिनीले एक्लोपनको महसुस गर्न पर्दैनथ्यो । दुखी र पीडित दिदीबहिनीले अकालमा ज्यान गुमाउन पर्दैनथ्यो । भाइको त्यत्ति भनाइले उनको मनभित्र आँट र भरोसा बढेको प्रष्ट देखिन्थ्यो । त्यसैले बहिनी यस्तो भाइ पाउने तिमी कति भाग्यमानी रहिछौं भन्न मन लाग्यो । त्यसका लागि केही समय कुर्नु थियो मैले । किनकि त्यतिबेला उनीबाट भाइ छुट्टिएर केही टाढा पुगेको थियो । उनका आँखाबाट आँसुका धारा छुटेका थिए । रोएको सुँक्क सुक्क आवाज आइरहेको थियो । त्यो अवस्थामा उनलाई सम्झाउन सक्ने स्थिति ममा छँदैथिएन । किन कि छोरीसँग हुने विछोडले मेरो मुटुमा गाँठो परिसकेको थियो ।

केही समय पश्चात छोरीले भित्तामा राखिएको समय तालिका र विमान उडानको समय देखाउँदै भनी, "मामु अब मभित्र जानुपर्छ । हजुरले हाँसेर बिदाइ गर्नूहोस् । जुन हाँसोले मलाई हिम्मत र साहस भर्न सकोस् । आँसु देखाएर मेरो चित्त दुखाउने काम नगर्नुहोस् । भन्दै मेरो नजिकै आएर छातीमा टाँसिइ । र मुखमा हेर्दै हाँस्नु मामु हाँस्नुभन्दै अगाडि बढी ।"

ऊ पर पुगुन्जेलसम्म हेरिरहेँ । हाँस्दै घरिघरि हातले चुम्मा दिँदै अगाडि बढेकी छोरी मेरो छेल परेपछि खुब रोई । यी सारा दृष्य मैले बाहिरबाट देखिरहेकी थिएँ । यो दृष्यले मेरो मन थाम्नै सकिन । चिसो भुइँमा थचक्क बसेँ र भाग्यलाई धिक्कार्दै रोएँ । म त्यही भुइँमा नै थिएँ । तीनै अघिकी महिला मेरो छेऊमा आएर सम्झाउँदै भनिन् । "नरुनु दिदी, नानी त्यति बुझकी छन् । काम गर्न गएकी होइनन् । पढ्न गएकी हुन् । उनको राम्रो भविष्यको कामना गर्नुहोस् । उठ्नुहोस्, हिँड्नु जाम । म पनि हजुरसँगै बाहिरसम्म जान्छु ।"

उनीले धेरै कर गरेपछि म उठेँ । हामी बिस्तारै त्यहाँबाट बाहिरियौँ । सडक छेउको यात्रु प्रतिक्षालयमा गएर केहीबेर बस्यौँ । भलाकुसारी गर्यौँ । मलाई खास बोल्नै मन थिएन । उनीले नै कुरा झिकिन् र भनिन्, "दिदी हजुरलाई देख्ने बित्तिकै मेरो कोही आफन्त हुनुहुन्छ जस्तो लाग्यो किन होला ?"

उनका कुराले म पनि खुशी हुँदै भनेँ, "त्यस्तो लागेमा मलाई दिदी नै भन्न सक्छ्यौ बहिनी । मलाई पराइ नसम्झ । म अभागिनीका दुई सन्तान बाहेक यस धर्तीमा अरु कोही छैनन् । तिम्रा त श्रीमान्, माइती, इष्टमित्र सबै आफ्नै साथमा होलान् ?" यो वाक्य मैले नचाहँदा नचाहँदै पनि अनायास नै मुखबाट फुत्तकियो ।

मेरा यी कुराले उनको अनुहार एकाएक कालो भयो । मानौ उज्यालो आकाशमा एकाएक कालो बादल मडारिए झैं देखिन्थ्यो । त्यही कालो बादललाई नयनबाट आँसु रूपी वर्षाको भेल झार्दै भनिन् । "दिदी मेरो आड आधार भन्नू नै यही एउटा भाइ थियो । त्यही पनि परदेश लाग्यो । सानो भएपनि खुब आड आधार दिन्थ्यो । श्रीमान् त हुनुहुन्छ तर, आड र आधार विनाका । न कुनै काममा सहयोग पाउँछु, न समर्थन ।"

उनीका कुराले मेरो पनि हृदय भारि बनायो । किन कि म पनि श्रीमानको त्यस्तै पीडाबाट पीडित थिएँ । देख्दा सर्लक्क परेको जीउडाल थियो । धनीका छोरा र बेलैमा डिग्री पास गरेका भनेर नै मलाई बुबाले दिनुभएको थियो । उनी जति बाहिर सुन्दर देखिन्थेँ । त्यत्ति नै भित्र खराब थिए । बाहिर खराब भएको कुरा बरु समाजले थाहा पाउने थियो । तर, भित्र खराब भएको मानिसलाई केवल श्रीमती भन्दा अरुले थाहा पाउन नसक्ने रहेछन् । यस्तै पीडाबाट ग्रसित थिएँ म पनि । यस्तो पीडा भनेको नदेखाउन मिल्ने ? न समाजले बुझ्ने ? यस्ता पीडै पीडाले जलेर मैले मृत्युको प्रयास नगरेकी पनि होइन । आखिर यिनै छोराछोरीको जिम्मेवारी लिनु थियो, त्यसैले भगवानले लान मान्नु भएन । जेहोस् आज उसलाई छोडेर पनि आफ्ना खुट्टामा उभिन सफल छु । दुनियाँले छिः भन्ने बाटो राखेकी छैन ।



> उनको वर्तमान मेरो अतीत थियो । म पनि त्यही घरबाट यस्तै पीडा सहन नसकेर विद्रोह गरेर हिँडेकी थिएँ । मलाई झनै उनीप्रति स्नेह जागेर आयो । मैले त्यस घरभित्र भोगेका पीडा ताजा भएर आए । छोरीको बिछोडभन्दा उनले भोगेका पीडाले मेरो मनमस्तिष्क ओगट्यो । तर, म उसकी अतीत थिएा भन्ने कुराको जानकारी दिन मन लागेन ।

"दिदी हजुरले नानीका बारेमा सोच्दै हुनुहुन्छ", मेरो एकाग्रतालाई भंग गर्दै उनले भनिन् ।

मैले तत्कालै प्रश्न गरेँ, "साँच्चिकै बहिनी तिम्रो घर कहाँ हो नि ? मैले त सोध्न पनि बिर्सेछु ।"

"नवलपरासी हो दिदी ।", उनले जवाफ दिइन् ।

"अनि श्रीमान के गर्नु हुन्छ त ?"

"केही पनि गर्नुहुन्न । जमानामा डिग्री पास गरेको मानिस । पढेर मात्रै नहुने रहेछ । मानिसमा हिम्मत नै नभएपछि प्रमाणपत्रले केही पनि नगर्दो रहेछ । केही गरम न भन्दा पनि स्वास्नीले भनेको मान्ने म जोईटिंग्रे हो र भनेर अगाडि सर्नै नदिने । आफुले केही नगर्ने ? आफु भन्दा साना भाइहरुले कति प्रगति गरे । त्यता ध्यानै नदिने ।" के मात्रै भनौं दिदी मैले ? उनी हुनाले यी राता वस्त्र लगाउनु शिवाय कुनै कुरा पाएकी छैन भन्दै भक्कानिँदै रुन थालिन् ।

यिनका कुराले फेरि मलाई झस्कायो । सबै कहानी मेरो कहानीसँगै मिल्ने थियो । घर पनि त्यतै बताउँदा मुटुमा गाँठो पर्यो । मन गरुँगो बनाउँदै सोधेँ, "नवलपरासी कहाँ नि बहिनी ?"

"सोह्र नम्बर ।"

"के थर हो नि घरको ?"

"गौडेल ।"

"श्रीमानको नाम पनि भन्न मिल्छ ?"

"लालकृष्ण ।"

उनीको वर्तमान मेरो अतीत थियो । म पनि त्यही घरबाट यस्तै पीडा सहन नसकेर विद्रोह गरेर हिँडेकी थिएँ । मलाई झनै उनी प्रति स्नेह जागेर आयो । मैले त्यस घरभित्र भोगेका पीडा ताजा भएर आए । छोरीको बिछोडभन्दा उनले भोगेका पीडाले मेरो मनमस्तिष्क ओगट्यो । तर, म उसकी अतीत थिएँ भन्ने कुराको जानकारी दिन मन लागेन ।

मान्छेले ठक्कर खाएपछि केही सुध्रिन्छ । र ऊ पनि सुध्रिए होला भन्ने लाग्दथ्यो । मैले दुःख पाएपनि अब उसकी श्रीमती बनेर आउनेले सुख पायोस् भन्ने कामना गरेकी थिएँ । तर, बिडम्बना न ऊ सुध्रिएको रहेछ । न कान्छी बनेर आउनेले सुख नै पाएकी रहिछ ।

"दिदी", मेरो ध्यान खिच्दै उनीले भनिन्, "यस्तै भएर त होला नि पहिली श्रीमतीले पनि छोडेकी ! उनी त धेरै टाठी थिइन् रे । केही गर्नुपर्छ भन्ने भावनाकी भएर नै कुरा नमिलेको रे ! अहिले त उनीले कस्तो राम्रो बन्दोबस्त गरेकी छिन् रे !", भन्दै केहीबेर रोकिइन् ।

"अनि अहिले कहाँ छन् रे त उनी ?", मैले नै प्रश्न गरेँ ।

"यतै काठमाडौतिरै छन् रे भन्ने सुनेकी छु । कस्तो देख्न मन लागेको छ । कसरी पत्ता लगाउने होला ? फेरि खोजेर जाऊँ भने पनि सौता भनेर झगडा पो गर्छिन् कि जस्तो लाग्छ । हुन त म उनी छँदाछँदै मन खुशीले आएकी त होइन नि है दिदी ?" प्रश्न म माथि नै आयो ।

"होइन बहिनी होइन, मैले छोडेपछि अभागिनी बन्न भित्रिएकी हौ । तिमीलाई मैले किन सौता भनेर झगडा गर्थें र ? तिमी मेरो दुःख र पीडाको अनुभव गर्ने खास बहिनी बनेर भित्रिएकी छौ", भन्दै अंकमाल गरेर रुन मन थियो । तर सकिन । आफूलाई सम्हालेँ । र भनेँ, "एउटीले छाडे पछि ल्याएकी तिमीलाई पनि श्रीमतीको स्थान दिएका छैनन् है तिन्ले ?"

"छैन दिदी, उसको कामवासना पूरा गर्ने साधन मात्रै बनेकी छु । उसकी श्रीमती होइन । एउटै कोठामा र एउटै बिस्तारामा सुतेर मात्रै श्रीमती बन्न नसकिने रहेछ । श्रीमानको असली माया भन्ने नै थाहा नपाएपछि केको श्रीमती भनेर भन्नू । समाजका अगाडि श्रीमान् छ भनेर राता कपडा पहिरन पाएकी छु त्यै हो । अरु केही छैन दिदी । हिम्मत खुवी नभएको शिक्षित लोग्नेकी श्रीमती हुन भन्दा त क नचिनेको साहसी हलीकी श्रीमती हुन वेश दिदी । यस्तालाई के गर्नु ? न केही गर्न दिन्छन्, न आफू गर्छन् । न निल्नु दिदी, न ओकल्नु । त्यसैले मैले ती दिदी (सौता) लाई भेटेँ भने तिमी महान् हौ भनेर सात चोटि ढोग्ने थिएँ ।"

मैले कुरा मोड्ने उद्देश्यले भनेँ, "आज कता गएर बस्छौ त बहिनी ? हिँड हाम्रोमा जाऊँ । छोरीलाई त देख्यौ । मेरो छोरो पनि छ देखौली । आज बसेको ठाउँ देख्यौ भने भोलिपर्सि आउन सजिलो हुन्छ । म काठमाडौंमा रहने बेलासम्म अरु कसैको घरमा गएर बस्न पर्दैन । मलाई तिम्रै दिदी सम्झ । मेरा बहिनी छैनन् । आजदेखि तिमी नै मेरी बहिनी भयौ । हृदयबाट नै भनेकी छु । जाऊँ हिँड मसँगै । रातभरि दिदीबहिनी कुरा गरौंला ।"

"आज त जान्न दिदी । अर्को पटक आउँदा म जसरी पनि हजुरको घरमा नै आउँछु । अँ साँच्चै भिनाजु के गर्नुहुन्छ नि दिदी ?"

"छैनन् बहिनी भिनाजु । मान्छे त छन् यही धर्तीमा तर, मेरो लागि मरिसके । म पनि तिम्रो जस्तै व्यथा र पीडाले व्याकुल भएर बसेकी मान्छे हुँ । जीवन संघर्ष हो त्यसैले संघर्ष गर्नबाट डराउनु हुँदैन । तिमी पनि मेरी बहिनी हौ । संघर्ष गर । छोराछोरीको भविष्य बनाऊ । कहिल्यै पछाडि नहट । मेरो आशिर्वाद छ तिमीलाई । अब म जानुपर्छ । मेरो छोरो आउने बेला भयो । लौ यो फोन कार्ड । यो कार्डमा मेरो नाम र नम्बर छ । कुनैपनि बेला सहयोग चाहिएमा फोन गर्न सक्छौ ।" भन्दै हिँड्न खोजेँ ।

उनले फोन कार्ड हातमा लिइन् र मतिर हेर्दै आँखाभरि आँसु बनाउँदै भनिन्, "हजुरको नाम र कहानी पनि मेरै दिदी (सौता) को कहानीसँग मिल्दो रहेछ, कि हजुर नै हुनुहुन्छ ?" म सुनेको नसुन्यै गरेर त्यहाँबाट हिँडे ।

कविता

## तुफानी पित्रेल चरीको गीत



– म्याक्सिम गोर्की

समुद्रको निर्मल सतहमाथि
हावाको झोंकामा
थुप्रिँदै छ कालो बादल
बादल र समुद्रको बीच
चक्कर लाउँदै छ तुफानी पित्रेल चरी
छाती फुका'र निर्धक्क भएर
चट्याङ पर्दा देखिने विद्युत रेखा जस्तै
कहिले अन्धकार छिचोल्दै
यति तल डुबुल्की मार्छ
उसका पखेटा जल तरंग छुन पुग्छन्
कहिले तीर जस्तो भएर बादलको छाती छेड्छ
र रणघोष गर्दै उड्छ माथि माथि
बादल उसको साहसी हुङ्कारमा
देख्छ स्वयम् तुफानको झलक
उसको चित्कारमा प्रतिध्वनित हुन्छ
तुफानसँग पौठेजोरी खेल्ने हाँक
त्यसमा ध्वनित हुन्छ
उसको आवेग, प्रचण्ड क्षोभ
अनि विजयमा उसको अडिग विश्वास
सि गलहरु भयमा बिलखवन्द छन् तुफानले
चित्कारछन् पानीको सतहमा
हुईकिन्छन् उछिन् पाछिन् गर्दै तीर जस्तै
अनि डुबुल्की मार्छन् सुरक्षित हुन
भित्र कतै समुद्रको गहराईमा
बिलखवन्दमा छन् पानी हाँसहरु
संघर्षको संज्ञाहीन चरम आनन्द
तिनलाई के थाहा ?
सातो जान्छ तिनको
फगत मुड्कामुड्कीको आवाज सुने मात्र पनि
बुद्ध पेंगुइनहरु
लाजले भुतुक्क हुँदै चट्टानका काँप तिर
आफ्नो धम्मरधुस्स शरीर लिएर लुक्छन् लुसुक्क
जब कि एक्लो तुफानी पित्रेल चरी
उगेल्दै गरेको फिंजसँगै सामुद्रिक लहरमा
शयर गर्छ निर्भिक निस्फिक्री भएर
अझ कालोनिलो हुँदै बादल झर्दैछ तल तल
समुद्रको छाती माथि
लहरहरु सुरिलो भाका हाल्दै छन्
र उछिना पाछिन गर्दै छन् मानौं चट्याङ चुम्छु भनेर
चट्याङ गर्जिन्छ चित्कार्छन् फिंज उगेल्दै ज्वारभाटाहरु
लाप्पा खेल्छन् हावाका झोंकाहरु
तुफानी बादल
जमा हुँदै छ समुद्र सतहमा घेरिदै
चट्याङ गर्जिन्छ, बिजुली चम्किन्छ
अब समुद्रका ज्वारभाटा
हावाका झोंका भन्दा के कम ?
उता हावाको झोंका आफ्नै सनकमा
धृतराष्ट्रको आलिङ्गनमा अठ्याएर
पानीको मुस्लोलाई
पर कतै चट्टानमा बजारी दिन्छ
पाहा पछारे झैं
विचरा हुन्छन् छताछुल्ल
तुफानी पित्रेल चरी रणघोष गर्दै उडान भर्दै छ
बिजुली चम्किदा रश्मि चिरे झैं गरेर
तिरले जस्तो तुफानी बादल चिरेर
तेजिलो धारले पानी काटे झैं गरेर
उ दैत्यले जस्तो
क्रुद्ध इन्द्रलाई ललकार्दै
कहिले अट्टाहास हाँसो हाँस्छ,
कहिले धुरु धुरु रुन्छ
जब बादल माथि बुर्कुसी मार्छ
तब गललल... हाँस्न पुग्छ
अनि खुशीका मारे आँशु झार्छ
चट्टयाङको क्रोधाग्निमा चतुर दैत्य
उसको मर्मस्थलको भेउ पाउँछ
उ ढुक्क छ, बादलको के सामर्थ्य घाम लुकाउने ?
बित्थाको ताउरमाउर !
हावाको तेजतर्राट सुनिन्छ ...चट्यांग गर्जिन्छ, बिजुली चम्किन्छ
सपाट, विस्तृत समुद्र माथि
तुफानी बादलबाट झरेका
बिजुलीका धर्साहरु
समुद्र समातेर चिसो पानीमा चोबल्छ
तिनका नागबेली प्रतिबिम्बहरु
थुर थुर काम्दै र झ्याप झ्याप निभ्दै
भित्र समुद्र गर्भमा लिन हुन्छन्
तुफान ! निमेष भरमा तुफान जाई लाग्ने छ
फेरि पनि तुफानी पित्रेल चरी छाति तन्काउदै
चट्याङको बीचोबीच हुँदै
रण घोष गर्दै, हुंकार्दै उडान भर्दै छ
र उसको रणघोषमा
चरम आनन्दको प्रतिध्वनी छ
विजयको भविष्यवाणी जस्तै
'आऊ तुफान, कम्मर कसेर आऊ !'

*(भावानुवाद : टंक कार्की )*

## मुक्तक

– गणेश लोहनी



१.

दान गरेर जाती गोत्र सारिने पनि छोरीहरू
दुर्जनका सिकार बनेर मारिने पनि छोरीहरू
सम्पत्ती अनि आमाहरूको माया छोराहरूलाई
कोसेलीका पोकामा झारा टारिने पनि छोरीहरू ॥

२.

जन-सुन्य भो' कठै ! गाउँ बस्ती हिजो आज
बदलियो लौ समाज पनि अस्ति हिजो आज
जन-तन्त्रले हेर्दा हेर्दै धन तन्त्रको रूप लियो
दलका चाटुकारलाई मात्र मस्ती हिजो आज ॥

३.

छाडा ठाडा अहँकारी जडेका शीरमा सिङ
हेर म नै हुँ विश्व-रूप हुँकारि हाँक्दछन् डिङ
प्रवक्ता सबै शास्त्रका स्वयम् जनक विचारका
कठै ! मच्चिँदा च-च-हुई चुँडे विचारका पिङ ॥

मध्यान्ह
www.madhyanhadaily.com

०१ असोज २०७९, शनिबार
17 September 2022, Saturday

# बक्स अफिस समाचार

## फागुन ५ मा 'लण्डन टू पेरिस', फागुन ९ मा 'छक्का पञ्जा ४'



**काठमाडौं/मस–** हेमराज विसी निर्देशित फिल्म 'छक्का पञ्जा ४'को प्रदर्शन मिति घोषणा भएको छ। शुक्रवार विहान कलाकार दीपकराज गिरीले फेसबुकमा एक तस्विर पोस्ट गर्दै आगामी फागुन १९ गतेलाई प्रदर्शन मिति घोषणा गरेका हुन्। पहिला यो फिल्मलाई कात्तिक ४ गते प्रदर्शन गर्ने सोचमा निर्माण टिम थियो । तर, यो मिति फिल्म 'के घर के डेरा'ले रोजेकाले 'छक्का पञ्जा ४' फागुनमा पुगेको हो ।

फागुन १९ मा यसअघि नै 'वर एन्ड वधु', 'परस्त्री' र 'बुलाकी' गरी तीन फिल्मले प्रदर्शन मिति तय गरिसकेका छन् । 'छक्का पञ्जा ४'ले पनि यही मिति पक्का गरेसँगै अब बक्सअफिसमा चार फिल्म भिड्ने भएका छन् । तर, यो फिल्मका कारण अरु फिल्म पछाडि हट्ने सम्भावना प्रवल छ। फिल्म क्षेत्रसँगै दर्शकको ठूलो वर्गले 'छक्का पञ्जा ४'को लामो समयदेखि प्रतिक्षा गरिरहेको छ ।

आमा सरस्वती मुभिजको ब्यानरमा निर्माण भएको फिल्ममा दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे, बेनिशा हमाल, निर्मल शर्मा, नीर शाह, मलिना जोशी, राज आचार्यलगायतको अभिनय रहेको छ । नरेन्द्र मैनालीको छायांकन रहेको फिल्मको कार्यकारी निर्मातामा केदार प्रसाद घिमिरे र निर्मल शर्मा छन्। यसपटक फिल्ममा राजनीतिक विषयलाई उठाइएको जानकारी प्राप्त छ ।

यस्तै घनश्याम लामिछानेद्वारा निर्देशित फिल्म 'लण्डन टू पेरिस'को प्रदर्शन मिति घोषणा गरिएको छ । गत महिना लण्डन र पेरिसमा छायांकन भएको फिल्मलाई आगामी फागुन ५ गते प्रदर्शन गर्ने निर्णय निर्माण टिमले गरेको हो । फागुन ७ गते प्रजातन्त्र दिवस र ९ गते ग्याल्पो ल्होछारको सार्वजनिक विदा भएकाले निर्माताले फिल्म प्रदर्शनका लागि फागुन ५ को मिति उपयुक्त ठानेका हुन् ।

तर, यो मितिमा फिल्मले सोलो रिलिजको अवसर भने पाउने छैन । यसअघि नै उक्त मिति फिल्म 'परदेशी २'ले 'बुक' गरिसकेको छ। तर, दुवै फिल्मको कथावस्तु फरक भएकाले दर्शकले आफ्नो रोजाई अनुसारको फिल्म छनोट गर्न पाउनेछन् । 'लण्डन टू पेरिस'मा साम्राज्ञी आरएल शाह, गरिमा शर्मा, निश्चल खड्का, कबीर खड्का र मनिष श्रेष्ठले मुख्य भूमिकामा अभिनय गरेका छन्। यो फिल्मबाट निश्चल र गरिमाले नायक-नायिकाको रुपमा डेब्यू गरेका छन्। ट्राभल लभस्टोरीमा आधारित फिल्ममा साम्राज्ञीको जोडी निश्चलसँग बाँधिएको छ। लण्डनको कम्पनी एबी इन्टरनेशनलको ब्यानरमा निर्मित 'लण्डन टू पेरिस'को कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजले लेखेका हुन् । यसअघि प्रदीपले लेखेको कथामा निर्देशक लामिछानेले फिल्म 'पञ्चेबाजा' बनाएका थिए ।

फिल्मको निर्मातामा अमित बस्नेत, अजित कुमार थापा, परी राना, अंकित गौतम, सनिश खकुरेल छन् भने सह-निर्मातामा अजित सिंह छन् । 'पासवर्ड'बाट फिल्म निर्माणमा होमिएको एबी इन्टरनेशनलले त्यसपछि 'सम्हालिन्छ कहिले मन' निर्माण गर्‍यो । गत जेठमा फिल्म 'हनी बनी'को पनि निर्माण गरेको छ। यो कम्पनीले लण्डनमा छायांकन गर्ने गरी फिल्मको निर्माण गर्दै आएको छ ।

## 'के घर के डेरा'को टिजर दुई परिवारको संघर्षको कथा



**काठमाडौं/मस–** दीपेन्द्र के. खनालको निर्देशनमा बनेको फिल्म 'के घर के डेरा'को टिजर सार्वजनिक भएको छ । फिल्मको डिजिटल राइट्स खरिद गरेको कम्पनी जी-२१ डिजिटलको यूट्युब च्यानलबाट सार्वजनिक भएको टिजरमा काठमाडौंमा बस्ने दुई परिवारको कथालाई देखाइएको छ । काठमाडौंमा घर किन्न संघर्ष गरिरहेका र घर भएर पनि लुकाउन बाध्य पात्रहरुको दौडधुपमा टिजर केन्द्रित छ ।

एकातिर श्रीमती सुरक्षा पन्तको दबाबमा काठमाडौं घर किन्न दयाहाङ राई बैंक-बैंकमा ऋणका लागि भौतारिरहेका छन् । धनाड्य देखिने गरी चिटिक्क परेर बैंक धाउँदा पनि उनीहरुले ऋण पाएका छैनन् । अर्कोतिर काठमाडौंमा घर भएर पनि विपिन कार्की श्रीमती वर्षा राउतसँग लुकाइरहेका छन्। हाँस्यरससहितको १ मिनेट ५८ सेकेन्ड लम्बाईको टिजर इन्टरटेनिङ र इन्गेजिङ छ ।

महेश दवाडीको पटकथा/संवाद रहेको फिल्ममा रविन्द्र झा, लक्ष्मी गिरी, आशान्त शर्मा, प्रभाकर न्यौपाने, सरोज अर्याल, कोशिस क्षेत्री, भोलाराज सापकोटा, घनश्याम जोशीलगायतको पनि अभिनय रहेको छ । कात्तिक ४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मले काठमाडौंमा घर हुने र डेरामा बस्ने मानिसको कथा देखाउनेछ । फिल्मको सम्पूर्ण छायांकन काठमाडौंभित्रै भएको हो।

सिंगे लामाको कथा रहेको फिल्ममा शंकर थापा स्माइल तथा कोशिस क्षेत्रीको संगीत, दिर्घ गुरुङको छायांकन र दिर्घ खड्काको सम्पादन छ । ए प्लस इन्टरटेनमेन्टको ब्यानरमा निर्मित फिल्मका कार्यकारी निर्माता युवराज कार्की हुन् भने निर्मातामा शरद श्रेष्ठ, राजीब श्रेष्ठ र किरण महर्जन छन् ।

## 'बाबरी'को नयाँ गीत 'मायाका रंगहरु' सार्वजनिक



**काठमाडौं/मस–** सुरेन्द्र पौडेलको कथा, सम्पादन र निर्देशनमा तयार भएको फिल्म 'बाबरी'को नयाँ गीत 'मायाका रंगहरु' सार्वजनिक गरिएको छ । यो गीतमा सनुप पौडेल र रचना रिमालको स्वर, कालीप्रसाद बाँस्कोटाको शब्द तथा संगीत छ। यो गीतको भिडियोमा फिल्मका मुख्य २ कलाकार अदिती वुढाथोकी र धिरज नाडकरको प्रेमभाव हेर्न सकिन्छ । फिल्ममा नायक धिरज मगरको मुख्य भूमिका छ।

यो फिल्ममा पुष्पलता वुढाथोकी र गणेश वुढाथोकीको लगानी छ । फिल्ममा सिजन दाहाल, रित बोहरा, किशोर नेपाल र मनोज त्रिपाठीको लेखन, नरेन्द्र मैनालीको छायांकन, अन्जिला खत्री र विक्रम लामाको कोरियोग्राफी छ ।

फिल्मको २ वटा गीत सुपरहिट भैसकेका छन् । गीतसंगीतमा बलियो देखिएको फिल्मले दशैंमा सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ । निर्देशकले फिल्मलाई कमेडी र लभ स्टोरी कथामा निर्देशन गरेका छन् ।

**संविधान दिवस**
**भव्यरूपमा मनाऔं**

*नेपालको संविधान कार्यान्वयनको सात वर्ष पुरा भएको छ ।*

- आवधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था यसका प्रमुख विशेषता हुन् ।
- संविधान दिवस असोज २, ३ र ४ गते भव्य रुपमा मनाऔं ।
- घरघरमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मोडलिङमा चर्चा बटुल्दै सुजाता पाण्डे



**काठमाडौं/मस–** भेटनरी डाक्टरको अध्ययन संगै मोडलिङ र गायनमा आफुलाई अब्बल साबित गर्न सफल बनेकी मोडल तथा नव गायिका हुन् सुजाता पाण्डे। मेहनत र परिश्रम बिना कुनै पनि कार्यमा सफलता पाउन असम्भबनै छ। मनोरंजन क्षेत्रमा नाम र दाम कमाउने चाहाना सबैको हुन्छ । त्यही अनुरुप आफ्नो कला क्षमता प्रदर्शन गर्दै अघि बढेकी छिन सुजाता पाण्डे ।

राजधानी काठमाडौं शहर, सपनाको शहर जहाँ दैनिक हजारौं मानिस आफ्नो सपना साकार पार्न मेहनत र परिश्रम गरेर अगाडी बढ्छन्, त्यसै सपनासँग जोडिएको युवा पुस्ताको रोजाइ सिने संसार अर्थात मोडलिङ र गीत संगीत क्षेत्र अहिलेका युवा युवतीहरुको सर्बाधिक रोजाइमा परेको क्षेत्र हो । युवा पुस्ताको आकर्षणमा रहेको रंगिन संसारमा रमाउन नचाहने युवा पुस्ता सायद कमै मात्रमा होलान नाम कमाउन अनि चर्चित हुने सबैको चाहना हुन्छ ।

त्यस्तै चाहना लिएर गायन र मोडलिङको भिडमा आफुलाइ स्थापित गराउन सिने जगतमा आफ्नो भबिष्य बनाउने योजनाको साथमा अगाडि बढ्दै गरेकी मोडल हुन् सुजाता पाण्डे । उनी अहिले आफ्नो लक्ष्यमा पुग्न दिन रात लागिपरेकी छिन् र त्यसै अनुरुप मेहनत पनि गरिरहेकी छिन् ।

बुटवल जन्मथलो भएर विगत केही वर्षदेखि काठमाडौंलाई कर्मथलो बनाउँदै भेटनरी डाक्टरको अध्ययन सँगै मोडलिङमा संघर्ष गर्दै आएकी मोडल सुजाताले करिब एक दर्जन म्युजिक भिडियोमा अभिनय गर्नुको साथै केही गीतहरुमा आफ्नो स्वर दिसकेकी छिन्, त्यसैगरी विभिन्न स्टेज कार्यक्रममा आफ्नो प्रस्तुति समेत दिएर आफ्नो नृत्य तथा अभिनय क्षमता प्रदर्शन गरिसकेकी छिन्। उनले उत्कृष्ट नव गायिका, उत्कृष्ट मोडल लगायतका अवार्ड जित्न सफल भइसकेकी छिन् भने विभिन्न कला सम्मान समेत पाउन सफल भएकी छिन् ।

अभिनय तथा नृत्यमा पोख्त मोडल सुजाता सुन्दर मुहार र आकर्षक शरीरको धनी छिन्, सुन्दर मुहार नै उनीप्रतिको आकर्षण हो । उनी मेहनतका साथ अभिनय र कलालाई अझै निखारता ल्याउँदै मोडलिङ तथा सिने नगरीमा स्थापित हुन चाहन्छिन । बहुप्रतीभा भएकी बहुआयामिक व्यक्तित्व उनको आकर्षण हो । सुजाता हेर्दा पनि निकै आकर्षित हाँसी रहने शालीन स्वभावकी छिन् । मोडल सुजाता यदी कुनै चलचित्र, म्युजिक भिडियोहरुमा अफर आएमा आफु अभिनय गर्न तयार रहेको बताउँछिन् ।

## लिसंखु पाखर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना
(प्रकाशित मिति : २०७९।०६।०१ गते)

यस कार्यालयबाट तपशिल बमोजिमको मितिमा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिल बमोजिमका कार्यका लागि बोलपत्र आव्हानको सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकाले सार्बजनिक खरीद ऐन, २०६३ को दफा २७(२) तथा स्वीकृत Bidding Document को ITB 33.1 को प्रयोजनार्थ सबैको जानकारीका लागि यो आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्र सुचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट र पिएस सहित) |
|---|---|---|---|---|---|
| १ | LPRM/Works/Road/NCB/079/80-02 | Upgrading works of Barganga khola Sajhaban Road (CH-2+500 (Barganga khola) to 5+720 (Chiple Bhanjyang)), Lisankhu Pakhar RM-03 | २०७९।०४।२० गते | Garuda Buillders Pvt.ltd, Sunkoshi, Sindhupalchowk | ५२,९०,६१६.६७- |

प्रमुख प्रशासकीय अधिकृत

## शम्भुनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेश प्रदेश, नेपाल

### सूचना सच्याईएको सम्बन्धमा
प्रकाशित मितिः २०७९/०५/३१

यस कार्यालयबाट मिति २०७९/०५/२६ गतेमा सार्वजनिक हटिया, मिति २०७९/०५/२७ गतेमा सार्वजनिक, ऐलानी पोखरी, दह, तालको ठेक्का सम्बन्धी आ.ब. २०७९/०८० को शिलबन्दी दरभाउ आह्वानको सूचनामा र मिति २०७९/०५/२७ गते प्रकाशित सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचनामा देहाय बमोजिम संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. आ.ब. २०७९/०८० को सार्वजनिक हटिया ठेक्का सम्बन्धी शिलबन्दी दरभाउ आह्वानको सूचना हाट बजार बन्दोबस्तीको लागी एक बर्षको लागि ठेक्का लगाउनु पर्नेमा उक्त सूचनामा अन्यथा भएकोले सच्याईएको छ ।
२. ठेक्का नं. ०२९/२०७९/८० महिला पोखरी साविक वसवलपुर-४, शम्भुनाथ न.पा.-९ को तिन बर्षको लागि न्यून्तम ठेक्का अङ्क ५०,०५१/- हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।
३. ठेक्का नं. ०३०/२०७९/८० मरिक घर नजिकको पोखरी साविक वसवलपुर-४, शम्भुनाथ न.पा.-९ को तिन बर्षको लागि न्यून्तम ठेक्का अङ्क ८०,०००/- हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।
४. बिज्ञापन नं. ०३/२०७९/८० रिटर्नी स्वयमसेवक (आंशिक) श्रेणी बिहिन शैक्षिक योग्यताः कक्षा १० उत्तिर्ण हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।
५. बिज्ञापन नं. ०६/२०७९/८० नगर विकास सहजकर्ता सहायक पाँचौ, शैक्षिक योग्यताः न्यून्तम प्रविणता प्रमाण पत्र तह वा सो सरह र तलव स्केलः सहायक पाँचौको सुरु तलब स्केल हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

प्रमुख प्रशासकीय अधिकत

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ